नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४  अंक १८  २०८१ साल साउन २१ गते सोमबार (5 Aug. 2024 Monday)  मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : जन्मदेखि मृत्युकर्मका सबै... ३ पृष्ठमा : 'कला विधामा खोजी पत्रकारिताको ... ३ पृष्ठमा बंगलादेशमा प्रधानमन्त्रीका...

# राजगढ गाउँपालिकाको गाउँसभा रद्धसहित विभिन्न ८ बुँदे माग अघि सार्दै प्रर्दशन



**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

सप्तरीको राजगढ गाउँपालिकाका जनप्रतिनीधी र स्थानीयवासीले बहुमत नपुऱ्याई गरिएको गाउँसभा रद्धसहित ८ बुंदे माग अघि सार्दै आईतवार सदरमुकाम राजविराजमा प्रर्दशन गरेका छन् । उनीहरुले गाउँसभा रद्दगरि पुनःनयाँ मिति तोकेर अर्को गाउँसभा गर्न पनि माग गरेका छन् ।

गाउँपालिकाका जनप्रतिनीधी तथा स्थानीयवासीले प्रर्दशन पछी प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरिक्षकलाई आवश्यक पहल गरी दिन माग गर्दै ज्ञापनपत्र समेत बुझाएका छन ।

क्यान्सर रोगले पीडित विरामी अवस्थाका सो पालिका वडा नं. ५ का वडाअध्यक्ष ७३ वर्षिय दु:खिलाल भन्ने देवेन्द्र प्रसाद साहको नेतृत्वमा आएको अन्य जनप्रतिनीधी तथा गाउँलेहरुले हस्ताक्षरसहित प्रमुख जिल्ला अधिकारी मेख बहादुर मग्राती तथा प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्यलाई ज्ञापनपत्र बुझाएका हुन ।

ज्ञापनपत्र मार्फत साउन १० गते सम्पन्न पालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरित भएको दावी सहित उक्त गाँउसभाबाट पारित निर्णयहरु यथास्थितीमा राखी गाउँसभा बदर तथा अर्को नयाँ मिति तोकेर पुनः गाउँसभा गर्नू पर्ने प्रमुख माग अघि सारिएको छ ।

ज्ञापनपत्रमा गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै नगराई मनपरी र एक पक्षिय ढंगले गाउँसभा गरेकाले सो बदर नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ ।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भई हाल ३३ जना सदस्य कायम छन । जस मध्ये १७ जनाले गत साउन १० गते सम्पन्न गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नु पर्ने माग गरेका छन ।

यस्तै ज्ञापनपत्र मार्फत पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-ब्यय तथा लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, पालिकामा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुदा हुदै थप २ वटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा

***बाँकी अन्तिम पृष्ठमा***

# मधेस प्रदेश सरकारले राष्ट्रिय झण्डा आधा झुकायो

**दैनिक समाचारदाता**
**जनकपुर, २० साउन ।**

मधेस प्रदेश सरकारले शास्त्रीय सङ्गीतका गुरु गुरुदेव कामतको निधनको शोकमा आइतबार राष्ट्रिय झण्डा आधा झुकाएको छ ।

गायक कामतको गत बिहीबार निधन भएको थियो । कामतको असामयिक निधनले स्तब्ध भएकाले सम्मानका लागि प्रदेश सरकारले आधा झण्डा झुकाउने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम आइतबार आधा झण्डा झुकाइएको मुख्यमन्त्री सतिशकुमार सिंहले जानकारी दिए ।

आइतबार दिनभर आधा झण्डा झुकाएर सबै मन्त्रालयलाई कामकाज गर्न निर्देशन दिइएको मुख्यमन्त्री कार्यालयले जनाएको छ । शोक वक्तव्य जारी गर्दै मुख्यमन्त्री सिंहले भन्नुभएको छ, 'गुरुदेवजीको साङ्गीतिक आराधना र उपासनाको यात्रा अत्यन्त कठिन र सङ्घर्षपूर्ण रहँदै आयो, तर पनि जीवनको कठोरतम् क्षणसँग लड्दै शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सृजनात्मक र उत्कर्षोन्मुख बनाउन उहाँ लागिरहनुभयो ।'

सिरहाको पतारी गाउँपालिका-२ पोखरभिण्डास्थित आफ्नै निवासमा गायक कामतको निधन भएको थियो ।

# नेपालमा भारतीय टेलिभिजन च्यानलको प्रसारण बन्द

काठमाडौँ, २० साउन (रासस) ।

सरकारले नेपालमा सञ्चालित भारतीय टेलिभिजन च्यानलहरूको प्रसारण बन्द गरेको छ । करिब दुई वर्षदेखि विदेशी मुद्राको सिफारिस नदिएको भन्दै भारतीय टेलिभिजन नेटवर्कहरूले आफ्ना

***बाँकी अन्तिम पृष्ठमा***

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

## सम्पादकीय

### विद्यार्थीले मोवाइल बोक्ने कार्यप्रति ध्यान पुगोस्

अहिले अधिकांश विद्यार्थीहरुले पढ्ने कक्षा कोठामा मोवाइल बोक्ने गरेका छन् । यो एउटा अहिले जटिल समस्याको रुपमा देखापरेको छ । शिक्षकले पढाइरहेको बेला विद्यार्थीहरुले मोवाइलको प्रयोग गरिरहेका हुन्छन् । जसकारण शिक्षकले सिकाइरहेका कुराप्रति उनीहरुको ध्यान जादैन् । हुन त अहिलेको समयमा मोवाइल एउटा संचार माध्यमको साटो मनोरन्जनको रुपमा बढी प्रयोग गरिएको पाइन्छ । यसले पठनपाठनमा नकारात्मक असर पारिरहेको छ । यसतर्फ अभिभावकहरुले ध्यान नदिंदा विद्यार्थीहरु पढाईभन्दा अन्य कामहरुमा समेत व्यस्त हुन थालेका छन् । मोवाइलले फाइदा पुऱ्याएपनि यसको वेफाइदा पनि धेरै हुन्छन् । मोवाइलमै गीत सुन्ने, भिडियो हेर्ने कामले अहिलेका विद्यार्थीहरु अध्ययनभन्दा पछाडि पर्दै गएको छ ।

हुन त संचार क्षेत्रले फड्को मार्दै गएपछि विद्यार्थीहरुले पनि मोवाइल बोक्ने क्रम बढेको हो । प्रायः जसो निम्न माध्यमिक र माध्यमिक बिद्यालयका बिद्यार्थीहरु मोवाइल प्रयोग गर्ने गरेका छन् । बिद्यालय प्राङ्गणमा होस् या कक्षामा पढाई भइरहेकै अवस्थामा पनि बिद्यार्थीहरु मोवाइल प्रयोग गर्ने गरेका छन् । अहिले निजी तथा ग्रामिण भेगका सामुदायिक बिद्यालयहरुमा समेत मोवाइल बोक्ने बिद्यार्थीहरु देखा पर्न थालेका छन् । कक्षाकोठाभित्र मोवाइल प्रयोग हुन नदिन धेरै हदसम्म नियन्त्रण भएको शिक्षकहरुले बताइरहेपनि यसतर्फ ठोस पहल भएको देखिन्न । कम्तीमा कक्षाकोठाभित्र यस्तो काममा रोक लगाउनुपर्ने आवश्यक्ता रहेको छ ।

संचार सम्पर्कमा रहनु सकारात्मक भएपनि मोवाइल बोकेर कक्षाकोठासम्म जानु अध्ययन, अध्यापनमा बाधा पुऱ्याउनु बाहेक केहि पनि होइन् । तसर्थ मोवाइल प्रयोग गर्न दिन नहुनेमा अभिभावक नै सचेत नभएकोले त्यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

# जन्मदेखि मृत्युकर्मका सबै सामान भारतीय बजारमै निर्भर !

**हिमाल लम्साल**

वीरगञ्ज (पर्सा), २० साउन (रासस) ।

वीरगञ्ज महानगरपालिका-१६ नगवाका रितेश कलवार वीरगञ्ज बजारमै उपलब्ध हुने खाद्यान्न तथा लत्ताकपडालगायतका वस्तु तथा सामान किनमेल गर्न नेपाल-भारत सीमावर्ती बजार रक्सौल नै धाउने गर्नुहुन्छ । उहाँ सकभर वीरगञ्ज आसपासको बजारमा किनमेल गर्न खासै रुचि देखाउनुहुन्न । “यहाँ त अपर्झट परेका बेला मात्रै हो सामान किन्ने”, उहाँले भन्नुभयो, “अरुबेला त रक्सौल नै जाने गर्छौं ।”

कलवारको काँधमा पाँच छोराछोरी पाल्ने जिम्मेवारी रहेको छ । उहाँले दैनिक ज्यालामजदूरी गरेर मासिक आम्दानी १० हजारभन्दा कम आम्दानी हुने भएकाले पनि सीमावर्ती बजारबाटै खाद्यान्नदेखि रासन खरिद गर्नुपर्ने बाध्यता रहेको बताउनुहुन्छ ।

उहाँ फुर्सद मिल्नेबित्तिकै पुरानो साइकल चढेरै भारतीय सीमावर्ती बजार रक्सौलमै गएर खाद्यान्न तथा अन्य सामान किनेर गर्जो टार्दै आइरहनुभएको छ । उहाँ मात्रै होइन, वीरगञ्ज महानगरपालिका-११ रानीघाटमा राधेश्याम पण्डित कुमाल आफ्नो परिवारका सदस्यलाई चाहिने समान सीमावर्ती बजारबाटै खरिद गर्ने बताउनुहुन्छ ।

“रक्सौलमा भारु साढे ११ सयमा २६ किलोग्रामको रितुराज भन्ने चामल पाइन्छ”, उहाँले भन्नुभयो, “वीरगञ्ज बजारमा २५ किलाग्रामको नेपाली चामल किन्ने हो भने त रु २३ सयभन्दा धेरै मूल्यपर्ने गर्छ । त्यसैले पनि परिवारको गुजारा चलाउन भारतीय बजारमा नै जाने गर्छौं ।”

कुमाल यहाँ आर्थिक अवस्था कमजोर हुने मात्रै होइन, धनाढ्य समुदायका मान्छे पनि आफ्नो जन्मदेखि मृत्यु संस्कारसम्मका सबै कर्म गर्न भारतीय बजारकै भर पर्छन् । “समाजका ठूला मान्छेको कुनै शुभकार्य भए पनि रक्सौल बजारबाटै समान झिकाउने गर्छन्”, उहाँले भन्नुभयो, “जन्मेदेखि मृत्युकर्मका सबै सामान उतैबाटै ल्याउने गरिन्छ ।”

वीरगञ्ज आसपासका नेपाली जनताले भारतीय सीमाबर्ती बजारबाट घरायसी प्रयोजनको लागि ल्याउने खाद्यान्न तथा लत्ताकपडामा भन्सार कार्यालय प्रशासनले खासै रोकटोक गर्दै आइरहेको छैन । रक्सौल नाकाहुँदै वीरगञ्जतर्फ दैनिक हजारौं संख्यामा सर्वसाधारणले दैनिक उपभोग्य समान तथा खाद्यान्न ल्याउँदै गरेका दृश्य सामान्य जस्तै लाग्छन् ।

भारतसँग सीमा जोडिएका नेपाली नागरिकको आयको स्रोत न्यून भएकाले पनि सीमावर्ती भारतीय बजारकै भरमा पर्ने गरेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले गत जेठ ९ मा सार्वजनिक गरेको आव २०८०/८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनसम्बन्धी प्रतिवेदनले पनि मधेश प्रदेशमा बसोबास गर्ने व्यक्तिको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन आठ सय ९२ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । जबकी राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन एक हजार चार सय ३४ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । यस हिसाबले बागमती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औषतभन्दा कम रहेको देखिन्छ ।

आव २०८०/८१ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलरमा बागमती प्रदेशको दुई हजार चार सय ८४ छ । त्यस्तै गण्डकी प्रदेशको एक हजार पाँच सय ५७, कोशी प्रदेशका एक हजार ३ सय ३६, लुम्बिनी प्रदेशको एक हजार एक सय ५१, सुदुरपश्चिम प्रदेशको एक हजार एक सय ११, कर्णाली प्रदेशको एक हजार ६६ र मधेश प्रदेशको आठ सय ९२ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । औसतमा मधेश प्रदेशमा वसोवास गर्ने सर्वसाधारणले वार्षिक रु एक लाख २० हजार आम्दानी गर्छन् भन्न खोजेको हो ।

अर्थशास्त्री दिपेन्द्रकुमार चौधरीले मधेशमा बसोवास गर्ने व्यक्तिको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा निकै कम आम्दानी हुने देखाएकाले पनि सीमावर्ती बजारकै भर पर्नुपर्ने बाध्यता रहेको बताउँछन् । ‘‘यो प्रदेशमा बसोवास गर्ने सर्वसाधारणको आम्दानी निकै कम छ । आम्दानी कम भएसँगै सस्तो बजार खोज्नुपर्ने सीमावर्ती जनताको अर्को चुनौती हो’’ उहाँले भन्नुभयो,‘‘सीमावर्ती क्षेत्रका जनताको जन्मदेखि मृत्यु कर्मसम्मका सबै सामान भारतीय बजारमै किनमेल गर्दै आइरहेका छन् ।’’


उहाँका अनुसार मधेश प्रदेशका आठ जिल्लाका ६० प्रतिशत जनता सीमावर्ती भारतीय बजारबाटै उपभोग्य समान खरिद गर्ने दाबी गर्नुहुन्छ । उहाँले उद्योगी व्यवसायीले पनि खुला सीमानाकाको फाइदा उठाउँदै अबैध रुटबाटै वस्तु तथा सामान भित्राउने गरेको दाबी गर्नुहुन्छ ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल पनि राज्यको नीतिकै कारणले सीमाक्षेत्रका जनताको किनमेलको रोजाई स्वदेशी बजारभन्दा पनि सीमावर्ती भारतीय बजार नै हुने गरेको बताउनुहुन्छ । ‘‘भारतीय सीमावर्तीबजार रक्सौलभन्दा वीरगञ्जमा खाद्यान्नदेखि लत्ता कपडासम्म २० देखि ४० प्रतिशत महंगो छ,’’ उहाँले भन्नुभयो, ‘‘त्यसैले पनि सर्वसाधारण स्वदेशी बजारभन्दा पनि सीमावर्तीबजारमा नै झुम्मिने गर्छन ।’’

सङ्घका अनिलकुमार अग्रवालले भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी) कर तिरेको बिलबिजकलाई नेपालका भन्सार कार्यालयले मान्यता नदिने कारणले पनि अवैध ढङ्गले वस्तु तथा सामान भित्रिरहेको दाबी गर्नुहुन्छ । ‘‘भारतले जिएसटी जुन दररेट कायम गरेको छ । नेपाल सरकारले पनि त्यसैको दाँजोमा भन्सारको महशुल निर्धारण गर्ने हो भने अवैध च्यानलबाट हुने वस्तु तथा सामानको आयात ह्वात्तै घट्ने थियो,’’ उहाँले भन्नुभयो, ‘‘भन्सार विभागले अहिले पनि भन्सार मूल्याङ्कन पुस्तिकाबाटै वस्तु तथा सामानको मूल्य निर्धारण गरिरहेको छ । यही प्रावधानकै कारणले सीमावर्ती क्षेत्रमा अवैध चोरी पैठारी मौलाउँदै आइरहेको छ ।’’

अध्यक्ष अग्रवालले भारतमा कुनै समानमा १० प्रतिशत जिएसटी लगाइएको समान नेपाल भित्रिदा ४० प्रतिशतभन्दा धेरै मूल्य पर्ने भएकाले पनि सीमावर्ती क्षेत्रका पेशेवर ढङ्गले चोरी तस्करी हुदैँ आइरहेको बताउनुहुन्छ । ‘‘अवैध ढङ्गबाट भित्रिने मालवस्तुसँग राज्यलाई

***बाँकी तीन पृष्ठमा***

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘कला विधामा खोजी पत्रकारिताको अभाव’

काठमाडौँ, २० साउन (रासस)।

सरोकारवालाहरूले मूलधारको पत्रकारितामा कला क्षेत्रले उचित स्थान नपाएको धारणा व्यक्त गर्नुभएको छ। यहाँ जारी ‘किताब जात्रा’को दोस्रो दिन ‘मूलधारबाट सधैँ उपेक्षित कला’ विषयक छलफलमा सरोकारवालाले मूलधारको पत्रकारितामा कलासम्बन्धी समाचारको सङ्ख्या बढाउनुपर्नेमा जोड दिनुभयो।

देशसञ्चार डटकमका सम्पादक युवराज घिमिरेले अहिले मूलधार केलाई भन्ने बहस सुरु भएकाले पहिले त्यसमा स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो। यद्यपि कला क्षेत्रमा खोज पत्रकारिताको अभ्यास कम भएकाले पनि उचित स्थान नपाएको हुनसक्ने उहाँको बुझाइ थियो। “मूलधारको पत्रकारिताले कला क्षेत्र उपेक्षामा राखेको आभास हुने गरेको छ, पछिल्लो समय त पत्रिकाबाट कला पृष्ठ पनि हटिसकेको अवस्था छ”, घिमिरेले भन्नुभयो, “मूलधारका सञ्चारमाध्यममा कलासम्बन्धी समाचार कति सङ्ख्यामा प्रकाशित भए र कुन स्थान पाए भन्नेभन्दा पनि उक्त सामग्री पठनीय छ वा छैन भन्नेले महत्व राख्छ।”

राष्ट्रिय समाचार समिति (रासस)का पत्रकार मधु शाहीले पत्रकारितामा कलासम्बन्धी समाचारलाई महत्व दिनुपर्ने उल्लेख गर्दै कलाले समाजप्रतिको सोचाइको दायरा फराकिलो बनाउन सहयोग पुर्‍याउनेमा जोड दिनुभयो। “कला पनि पत्रकारिताको महत्त्वपूर्ण विधा हो, कलासम्बन्धी सामग्रीले कम स्थान पाउँदा कलामा आबद्ध व्यक्ति र रुचि राख्नेले सहज रूपमा सूचना नपाएको अवस्था छ।”

उहाँले कलामा रुचि राख्नेहरूको समाजप्रतिको धारणा फराकिलो हुने गरेको

***बाँकी अन्तिम पृष्ठमा***

## *जन्मदेखि मृत्युकर्मका ...*

भन्सार महसुल तथा भ्याटसहितका कर तिरेर भित्रिने वैध वस्तु तथा सामान प्रतिस्पर्धा गर्नै नसक्ने अवस्था छ,” उहाँले भन्नुभयो, “अवैध च्यानलबाट भित्रिने समान नेपालका विभिन्न नाका हुँदै सहजै काठमाडौं पुगिरहेको छ।”

अध्यक्ष अग्रवालले राज्यले करको दरमात्रै होइन दायरा बढाएर अवैध च्यानलबाट हुने आयातलाई रोक्नेतर्फ गम्भीर हुन जरुरी रहेको बताउनुभयो। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले सरकारले सीमावर्ती बजारबाट कानुनले तोकेकोभन्दा धेरै समान ल्याउनेलाई कारबाही गर्दै आइरहेको दाबी गर्नुभयो। “सीमावर्ती बजारबाट कानुनविपरीत समान ल्याउनेलाई सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक निगरानी गर्दै कारबाही गर्दै आइरहनुभएको छ”, उहाँले भन्नुभयो, “पर्सामा एक सय सात किमी खुला सीमा नाका भएकाले घरायसी प्रयोजनको लागि ल्याउनेलाई पूर्ण रुपमा रोक लगाउन सकिरहेका छैनौँ।”

पर्सा प्रहरीले आव २०८०/८१ मा ५३ करोड ४७ लाख लाख मूल्य पर्ने भन्सार छली गरेर भित्राएका तथा बिलबिजक नभएको सामान बरामद गरेको छ। त्यति मात्रै होइन, सोही अवधिमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले रु ३४ करोड २७ लाख ७८ हजार तीन सय ३३ मूल्य पर्ने बिलबिजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको छ। दुवै प्रहरी प्रशासनले रु ८७ करोड ७४ लाख मूल्य पर्ने अवैध वस्तु तथा सामान बरामद गरेका छन्। यी तथ्याङ्कले पनि सीमावर्ती क्षेत्रमा हुने चोरी तस्करी हुने कुरालाई पुष्टि गर्छ।

नेपाल-भारतबीचको १७ सय किलोमिटर खुला सीमा नाकाको फाइदा उठाउँदै अवैध रुट हुदै भन्सार छलीका सामान भित्रिरहेका छन्। अवैध रुटबाट सामान भित्रिरहेका राज्यले खर्बौ रुपैयाँ राजस्व गुमाइरहेको छ। अर्कोतर्फ राज्यले प्राप्त गर्ने राजस्व भने अपेक्षित रुपमा बढ्न पनि सकिरहेको छैन।

भन्सार विभागले देशकै सबैभन्दा ठूलो वीरगञ्ज भन्सार कार्यालयलाई आव २०८०/८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ हजार राजस्व सङ्कलन गर्ने दिएको थियो। तर सो कार्यालयले एक खर्ब ५७ अर्ब ४० करोड ३१ लख २८ हजार रुपैयाँभन्दा बढी राजस्व सङ्कलन गर्न सकेन। विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई पनि गत आवमा रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। तर सो कार्यालयले वार्षिक लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात् रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार रकम राजस्व सङ्कलन गर्‍यो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले गत आवभन्दा १४ प्रतिशत आयात घटेकाले राजस्व सङ्कलन प्रत्यक्ष असर पारेको दाबी गर्नुहुन्छ। “गत आवमा सवारीसाधन र औद्योगिक कच्चापदार्थको आयात घटेसँगै लक्ष्यअनुसारको राजस्व उठ्न सकेन।”

डिभिजन वन कार्यालय

सप्तरी, राजविराज

आ.व. २०८१/८२

**विषय : खुल्ला डाक बढाबढ प्रकृया द्वारा काठ दाउरा लिलाम बिक्रीको सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/१८)

राष्ट्रिय समाचार समिति राजविराज, ससरीको कम्पाउण्ड भित्र कटान मुछान भई उत्पादित काठ दाउरा राष्ट्रिय समाचार समिति कार्यालय कम्पाउण्ड घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो १५ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे सम्म निवेदन दर्ता गराई खुल्ला डाक बढाबढमा भाग लिन आव्हान गरिन्छ।

निम्न

१) बन पैदावारको विवरण

| बन पैदावारको विवरण | | | | | | संकलन खर्च सहितको न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं. | जात | किसिम | थान | परिमाण काठ | | |
| १ | १ | कदम | गोलिया | २० | १११.५८ | १७६७४/- | |
| २ | २ | नरियल | गोलिया | ३७ | ६०.५५ | ९५९१/- | |

२) डाक बढाबढ हुने मिति र समय

क) मिति : २०८१/०५/०१ ख) समय : दिनको ०२:०० बजे देखि

३) डाक बढाबढमा भाग लिने व्यक्ति वा फर्मले नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी सहित रु.१०/- को टिकट टाँसी निवेदन दिनु पर्नेछ।

४) डाक बढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ र सबै प्रतिस्पर्धीहरुले बढाबढ पूर्व न्यूनतम मूल्को ५ प्रतिशत नगद धरौटी राखु पर्नेछ।

५) डाक बढाबढमा भाग लिएका बढी अङ्क कबोल गर्ने माथिल्लो तीन डाक बढाबढकर्ताले कबोल अङ्कको १० प्रतिशत नगद धरौटी राखु पर्नेछ।

६) सबै भन्दा बढी कबोल अङ्क गर्ने व्यक्ति वा फर्मले सात दिन भित्र कबोल अङ्क जम्मा गर्नु पर्नेछ।

७) तोकिएको म्यादभित्र पहिलो कबोलवालाले वन पैदावार उठाउन नआएमा निजले राखेको धरौटी जफत गरी क्रमश: दोश्रो र तेश्रोलाई म्याद दिई बन पैदावार उठाउन सूचना दिइनेछ।

८) बन पैदावार लिलाम बिक्रीको सिलसिलामा कबोल भएको डाकको स्वीकृति गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ।

९) अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

# विश्व समाचार

## बंगलादेशमा प्रधानमन्त्रीको राजीनामा माग गर्दै भएको विरोध प्रदर्शन जारी

ढाका, २० साउन (रासस/एएफपी)।

हजारौँ बङ्गलादेशी प्रदर्शनकारीहरू प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्दै सामूहिक विरोध प्रदर्शनका लागि आइतबार मध्य ढाकामा भेला भएका छन्। प्रधानमन्त्री हसिनाको राजीनामाको माग गर्दै प्रदर्शनमा उत्रिएका हजारौं प्रदर्शनकारी र सरकारबीच आइतबार झडप हुँदा थप आठ जनाको मृत्यु भएको छ। सरकारी सेवामा आरक्षण प्रणालीविरुद्धको र्‍यालीका क्रममा जुलाईदेखि शनिबारसम्म भएका हुलदङ्गामा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ। राष्ट्रव्यापी नागरिक अवज्ञा अभियानका प्रमुख प्रदर्शनकारीमध्ये एक आसिफ महमुदले समर्थकहरूलाई सरकारविरुद्ध लड्न तयार हुन आग्रह गर्नुभएको छ।“बङ्गलादेशलाई स्वतन्त्र बनाउने तयारी गर्नुहोस्,” उहाँले आइतबार सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ।

सेनाले आरक्षण प्रणालीको चर्को विरोधकाबीच सरकार पुनःस्थापना गर्न मद्दत गरिरहेको बेला केही पूर्व सैन्य अधिकारीहरू भने विद्यार्थी आन्दोलनमा सामेल भएका छन्। पूर्व सेना प्रमुख जनरल इकबाल करिम भूइयाँले प्रदर्शनसँग समर्थित रहेको प्रतिबिम्बित गर्दै आफ्नो फेसबुक प्रोफाइल तस्बिर रातो बनाउनुभएको छ। वर्तमान सेना प्रमुख वाकर-उज-जमानले शनिबार ढाकाको सैन्य मुख्यालयमा अधिकारीसँग कुरा गर्दै भन्नुभयो “बङ्गलादेशी सेना जनताको विश्वासको प्रतीक हो।”“हामी सधैँ जनताको पक्षमा उभिएका छौँ र जनताको हितमा र राज्यको कुनै पनि आवश्यकताको समयमा साथ हुनेछौँ”, शनिबार जारी भएको सेनाको विज्ञप्तिमा उहाँले भन्नुभयो। विज्ञप्तिमा सेनाले विरोध प्रदर्शनलाई समर्थन गरेको छ वा छैन भनेर स्पष्ट रूपमा भनिएको छैन। सरकारी सेवामा आरक्षण प्रणाली विरुद्धको र्‍यालीले जुलाईमा निम्त्याएको हुलदङ्गामा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ। सेनाले केही समयका लागि आन्दोलनको अवस्था शान्त बनाएर व्यवस्था पुनःस्थापित गरेको भए तापनि प्रधानमन्त्रीको राजीनामाको माग गर्दै यस हप्ता ठूलो सङ्ख्यामा जनता पुनः सडकमा फर्किएका छन्।

## फ्रान्सेली नागरिकलाई लेबनान छोड्न आग्रह

पेरिस, २० साउन (रासस/एएफपी)।

इजरायल र हिजबुल्लाहबीच चौतर्फी युद्ध र व्यापक क्षेत्रीय द्वन्द्वको डरबीच फ्रान्सले आइतबार लेबनानमा रहेका आफ्ना नागरिकलाई तत्काल देश छोड्न आग्रह गरेको छ। “लेबनान भ्रमण गर्ने र त्यहाँ रहेका फ्रान्सेली नागरिकलाई त्यहाँको सुरक्षा अवस्थाप्रति ध्यानाकर्षित गराउन चाहन्छौँ र उनीहरूलाई तत्काल लेबनान छोड्न र आफ्नो देश फर्कन आग्रह गर्दछौँ,” लेबनानका लागि यात्रा सुचनामा फ्रान्सेली विदेश मन्त्रालयले भनेको छ।

फ्रान्सेली विदेश मन्त्रालयले बिहीबार फ्रान्सका लागि व्यावसायिक उडानको निरन्तर उपलब्धतालाई जनाउँदै सूचनापत्र जारी गरेको थियो।फ्रान्सले अनुमानित २३ हजार नागरिक लेबनानमा बस्ने गरेको जनाएको छ र गत महिना लगभग १० हजार फ्रान्सेली नागरिकहरू लेबनान भ्रमण गरिरहेका थिए। स्वीडेनले पनि बेरूतमा रहेको आफ्नो दूतावास बन्द गर्ने घोषणा गर्दै आफ्ना नागरिकलाई तत्काल देश छोड्न आह्वान गरेको छ। मन्त्रालयले आइतबार इरान र यसका सहयोगीहरूले हमासको राजनीतिक नेताको हत्याको लागि इजरायललाई दोष दिँदै बदला लिने धम्की दिएपछि क्षेत्रीय द्वन्द्वको डरले फ्रान्सेली नागरिकलाई तत्काल लेबनान यात्रा नगर्न आग्रह गरेको हो। तेहरानले पनि हमास र लेबनानसँग सम्वद्ध इरान समर्थित लडाकू समूह हेजबुल्लाहले जस्तै इस्माइल हानियाको बुधवार भएको हत्यामा इजरायलको संलग्नता रहेको आरोप लगाएको छ।

## भारतमा धार्मिक कार्यक्रममा पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु

नयाँदिल्ली, २० साउन (रासस/सिन्ह्वा)।

भारतको मध्य प्रदेश राज्यमा एक धार्मिक कार्यक्रमका क्रममा पर्खाल भत्किँदा कम्तीमा नौ बालबालिकाको मृत्यु हुनुका साथै अन्य कैयौँ घाइते भएका छन्। प्रदेशको राजधानी भोपालबाट करिब २०५ किलोमिटर उत्तरपूर्वमा पर्ने सागर जिल्लाको शाहपुर गाउँमा पर्खाल भत्किएको हो। “आइतबार शाहपुरको हरदौल बाबा मन्दिर नजिकै भएको दु:खद घटनामा १० देखि १५ वर्ष उमेर समूहका नौ बालबालिकाको मृत्यु भएको छ भने कैयौँ घाइते भएका छन्। मन्दिरको छेउमा रहेको घरको भित्ता ढल्दा धार्मिक कार्यक्रममा सहभागी हुनका लागि मानिसहरू मन्दिरमा जम्मा भएका थिए,” एक प्रहरी अधिकारीले भने।

पचास वर्ष पुरानो र जीर्ण घर बर्खायाममा भारी वर्षाका कारण भत्किएको उहाँले बताउनुभयो। घटना लगत्तै उद्धार र भग्नावशेषमुनिबाट मृतकलाई निकाल्न प्रकोप प्रतिकार्य बलका जवानहरू र प्रहरी टोलीहरू घटनास्थलमा पठाइएको अधिकारीहरूले जनाएका छन्। घाइते बालबालिकालाई उपचारका लागि अस्पताल लगिएको छ। त्यसैगरी, शनिबार भएको राज्यको रीवा जिल्लामा एक अर्को घरको पर्खाल भत्किँदा चार बालबालिकाको मृत्यु भएको छ। पाँचदेखि सात वर्ष उमेर समूहका ती बालबालिका विद्यालयबाट फर्कँदै गर्दा पर्खाल भत्किएको थियो।

# वीरगञ्ज नाकाबाट हुने हवाई इन्धन र ग्यासको आयात घट्यो

पर्सा, २० साउन (रासस)। मुलुकको प्रमुख व्यापारिक नाका वीरगञ्ज हुँदै आयात गरिने खाना पकाउने एलपिजी ग्यास र हवाई इनधनमा कमी आएको छ। गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट खाना पकाउने ग्यासको आयातमा चार प्रतिशत र हवाई इन्धनको आयातमा ७१ प्रतिशतले कमी आएको हो।

आव २०७९/८० मा वीरगञ्ज नाका प्रयोगगरी रु ३३ अर्ब १३ करोड बराबरको दुई लाख ९० हजार दुई सय ८७ मेट्रिकटन खाना पकाउने ग्यास आयात गरिएको बताउँदै वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले गत आवमा रु ३० अर्बको दुई लाख ६७ हजार ४८ मेट्रिकटन ग्यास आयात भएको जानकारी दिनुभयो। उहाँका अनुसार ११ हजार दुई सय ३८ मेट्रिकटन कम ग्यास अयात भएको हो।

भन्सार कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार अघिलो आवमा वीरगञ्ज नाकाबाट रु १७ अर्ब ३१ करोडको पाँच लाख ९७ हजार एक सय ४४ किलोलिटर( केल) हवाई इन्धन आयात भएकामा गत आवमा रु१८ अर्ब २१ करोडको एक लाख ७३ हजार चार सय ८४ केल आयात भएको छ।

सूचना अधिकारी कर्णले खाना पकाउने ग्यास र हवाई इन्धनको आयातमा सङ्कुचन देखिए पनि नेपालमा सबैभन्दा बढी इन्धनका रुपमा उपयोग हुने डिजल र पेट्रोलको आयात भने बढेको बताउनुभयो। वीरगञ्ज नाकाबाट आव २०७९/८० को तुलनामा गत आवमा डिजल चार प्रतिशत र पेट्रोलको आयात दुई प्रतिशतले बढेको उहाँले जानकारी दिनुभयो।

आव २०७९/८० मा रु एक खर्ब १३ अर्ब ५८ करोडको १० लाख ४० हजार पाँच सय छ केल डिजल र रु ३८ अर्ब २४ करोडको तीन लाख ८९ हजार सात सय ११ केल पेट्रोल आयात भएको जनाउँदै गत आवमा रु एक खर्ब नौ अर्ब २९ करोडको १० लाख ८३ हजार पाँच सय २० केल डिजल र रु ३९ अर्ब दुई करोडको तीन लाख ९४ हजार सात सय २३ केल पेट्रोल आयात भएको सूचना अधिकारी कर्णले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालका लागि आवश्यक ७० प्रतिशत इन्धनको आयात वीरगञ्ज नाकाबाट हुने गरेको छ।

# बाढी, पहिरोलगायत विपद्मा परी एक सय ५० जनाको मृत्यु

काठमाडौँ, २० साउन (रासस)। अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी शनिबार दिउँसोसम्म एक सय ५० जनाको मृत्यु भएको छ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार बाढी, पहिरोलगायत विपद्परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा २९, गण्डकी प्रदेशमा ४२, लुम्बिनी प्रदेशमा २७, कर्णाली प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको हो।

उहाँका अनुसार बाढी, पहिरोबाट काठमाडौँ उपत्यकामा १०, कोशी प्रदेशमा ३७, मधेस प्रदेशमा १०, बागमती प्रदेशमा १०, गण्डकी प्रदेशमा ३४, लुम्बिनी प्रदेशमा ११, कर्णाली प्रदेशमा ५१ र सुदूरपश्प्रदेशमा १४ जना गरी जम्मा एक सय ७७ जना घाइते भएका छन्।

बाढी, पहिरोबाट काठमाडौँ उपत्यकामा २६, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, कर्णाली प्रदेशमा दुई र सुदूरपश्प्रदेशमा पाँच गरी जम्मा शनिबारसम्म एक सय आठजनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो। उहाँले भन्नुभयो, "बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई, बागमती प्रदेशमा ४२, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा दुई र कर्णाली प्रदेशमा एक गरी ४९ जना बेपत्ता भएको र उनीरुको खोजी जारी छ।"

बाढीको कारण शनिबार दिउँसोसम्म जम्मा तीन सय ८४ घर डुबानमा परेका छन्। दुई सय ५९ घर, ९५ गोठ, ४३ पुल, दुई विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ। बाढी पहिराबाट सात सय ४३ वटा पशु चौपाया मरेका छन्। उक्त अवधिमा विपद्घटनाबाट चार हजार दुई सय १९ घरपरिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिनुभयो।

## गाँजासहित महिला पक्राउ

**दैनिक समाचारदाता**
**बारा, २० साउन।** बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१ आधाभार जङ्गलबाट साढे ८ किलो गाँजासहित एक महिला पक्राउ परेकी छिन्। पक्राउ पर्नेमा बर्दिया मधुवन नगरपालिका ७ बस्ने २५ वर्षीया प्रियंका श्रेष्ठ छिन्।

आइतबार बिहान प्रहरी चौकी पथलैया बाराबाट खटिएको प्रहरी टोलीले सो जङ्गलमा पिठ्यूँमा कालो झोला बोकी सडक छेउमा उभिरहेकी उनीमाथी शंका लागी झोला चेक जाँच गर्दा लुकाएर राखेको गाँजा फेला परेको प्रहरीको भनाई छ। श्रेष्ठलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ।

### 'कला विधामा ...

बताउनुभयो। कलालाई व्यावसायिक रूपमा मात्रै हेर्ने र सम्पादकीय प्राथमिकतामा नपर्ने हुँदा यसले कम प्राथमिकता पाएको हुनसक्ने उहाँले उल्लेख गर्नुभयो।

चलचित्र निर्देशक एवं कलाकार सुव्रत आचार्यले आर्थिक लगानी बढी हुने कलासम्बन्धी समाचारले मूलधारका सञ्चारमाध्यममा बढी स्थान पाउने गरेको विचार व्यक्त गर्नुभयो। "म आफैं पनि लामो समय कला विधामै पत्रकारिता गरेको आएको हुँ, त्यो बेलामा कलासम्बन्धी समाचार पत्रिकामा कुनै स्थानमा अटाए मात्रै हुन्थ्यो भन्ने अपेक्षा हुन्थ्यो", उहाँले भन्नुभयो, "कलाकार वा स्रष्टाको निधनबाहेकका समाचारले पहिलो पृष्ठमा कमै स्थान पाउथे।"

### नेपालमा भारतीय ...

च्यानलको प्रसारण बिहीबारदेखि रोकेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता गजेन्द्रकुमार ठाकुरले राससलाई भन्नुभयो, "मुख्यतः भारतका कलर्स, स्टार, जी र सोनी नेटवर्कअन्तर्गतका च्यानलको प्रसारण रोकिएको हो। १५ चैत २०७९ देखि नै उनीहरूको विदेशी मुद्रा सिफारिस हुनसकेको छैन।" च्यानलको प्रसारण रोकेरै सरकारलाई गलाउन खोजिरहेका भन्दै ऐन, कानुनअनुसार आए विदेशी मुद्रा सिफारिस दिन कुनै समस्या नरहेको उहाँले बताउनुभयो। १ साउन २०८० देखि यो प्रणाली लागू भएपछि भने त्यस्ता च्यानलहरूको प्रसारण नै रोकिएको थियो तर सरकारपछि हट्ने सङ्केत नपाएपछि भारतीय च्यानलहरू आलाकार्टा मूल्य प्रणालीमा जान तयार भएका थिए।

सुरुआती समयदेखि नै भारतीय टेलिभिजन च्यानलहरूले आलाकार्टा प्रणाली पालना गर्न आनाकानी गर्दै आइरहेका छन्। उनीहरूले प्रत्येक च्यानलको छुट्टाछुट्टै मूल्य तोक्ने कुरा मान्य नहुने भन्दै विरोधमा छन्। मन्त्रालयकानुसार हाल सबै विदेशी च्यानल प्रदायकको करिब रु एक अर्ब विदेशी मुद्रा सिफारिस हुनसकेको छैन।

### राजगढ गाउँपालिकाको ...

करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखी नपाएको तलब सुविधा यथासिघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि अघि सारिएको छ।

टोलीमा सहभागी स्थानीय समाजसेवी रामकान्त यादवले २२ गते मंगलवार गाउँपालिका कार्यालयमा ज्ञापनपत्र बुझाउने तथा आफुहरुले अघि सारेको जायज मागहरु उपर तत्काल सम्बोधनको पहल नभए बैठक वसी आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने तयारी भएको जानकारी समेत दिए।

ज्ञापनपत्रको बोद्यार्थ, मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय र संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई समेत दिइएको छ।


**राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस**

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस्।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड



जनहितमा जारी सन्देश

**दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।**

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो
भविष्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी



# जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*